नेपाल सरकार
# भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
(वातावरण तथा विपद् समन्वय शाखा)

पत्र संख्या : वा.त.वि.स.शा./०८२/०८३
चलानी नं. : १६४

इमेल: edcs@mofaga.gov.np
सिंहदरबार, काठमाडौं।

विक्रम संवत्: २०८३/०३/०४
नेपाल संवत्: ११४६ तछलाथ्व

विषयः विपद् व्यवस्थापन कोषमा बजेट प्रस्ताव सम्बन्धमा।

श्री महानगरपालिका/उपमहानगरपालिका/नगरपालिका (सबै)।
श्री गाउँपालिका (सबै)।

उपर्युक्त सम्बन्धमा, गृह मन्त्रालयको च.नं. ७२ मिति २०८३/०३/०३ को आवश्यक समन्वय सम्बन्धमा विषयक पत्रको छाँयाप्रति यसैसाथ संलग्न छ। संलग्न पत्रमा उल्लेख भएबमोजिम मनसुनको सम्भावित जोखिमलाई मध्यनजर गर्दै स्थानीय तहले आफ्नो नगर/गाँउ सभाबाट वार्षिक बजेट, नीति तथा कार्यक्रम तर्जुमाका क्रममा विपद् जोखिम न्यूनीकरण, खोज, उद्धार, राहत तथा पुननिर्माण र पुनस्थापनाका लागि स्थानीय विपद् व्यवस्थापन कोषमा बजेट प्रस्ताव गरी विपद् पूर्वतयारी तथा प्रतिकार्यमा प्रभावकारी सहकार्यका लागि वार्षिक बजेट तथा कार्यक्रम मार्फत आवश्यक व्यवस्था मिलाउनुहुन निर्देशानुसार अनुरोध छ।

२०८३/०३/०४
(मनोज अधिकारी)
शाखा अधिकृत

बोधार्थः

श्री गृह मन्त्रालय (विपद् पूर्वतयारी तथा प्रतिकार्य शाखा), सिंहदरबार, काठमाडौं।
श्री सूचना प्रविधि शाखा, भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (वेवसाइट र पोर्टलमार्फत स्थानीय तहमा पत्राचारका लागि)

फोन नं.:- ०१-४२००२५८,४२००२५७
४२००१०५, ४२००२०३
Email :- neoc@moha.gov.np
website :- www.drrportal.gov.np

नेपाल सरकार

# गृह मन्त्रालय

विपद् पूर्वतयारी तथा प्रतिकार्य शाखा

पत्र संख्याः-०८२।०८३
प्राप्त पत्र संख्या र मितिः-
च.नं.:- ६२

सिंहदरवार,
काठमाडौं, नेपाल।
मिति २०८३।०३।०३
नेपाल सम्वत् ११४६,

श्री भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरबार, काठमाडौं।

**विषयः आवश्यक समन्वय गरिदिनुहुन।**

नेपालको संविधानले विपद् व्यवस्थापनलाई स्थानीय तहको समेत अधिकारको रुपमा व्यवस्था गरेको छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (न) ले विपद् व्यवस्थापनमा स्थानीय तहको तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७ ले स्थानीय विपद् व्यवस्थापन समितिको काम कर्तव्य, अधिकार र दफा २३ ले स्थानीय विपद् व्यवस्थापन कोषको समेत स्पष्ट व्यवस्था गरेको छ। विभिन्न विषयगत कानूनहरूमा गरिएका त्यस्ता व्यवस्थाहरूले स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, पूर्वतयारी र प्रतिकार्य योजना निर्माण गर्ने, विपद् प्रभावित क्षेत्रमा खोज तथा उद्धार, राहत सामग्रीको पूर्व भण्डारण वितरण र समन्वय गर्ने, जोखिम नक्साङ्कन र पूर्वसूचना प्रणालीको विकास गर्ने, स्थानीय समुदाय संघसंस्था तथा निजी क्षेत्रसँग समन्वय र सहकार्य गर्ने एवं स्थानीय विपद् व्यवस्थापन कोषको स्थापना सञ्चालन र श्रोत साधन परिचालन गर्ने लगायतका महत्वपूर्ण जिम्मेवारी स्थानीय तहलाई प्रदान गरेको छ।

नेपालमा मनसुनको आगमन तथा सम्भावित विपद् जोखिमलाई मध्यनजर गर्दै स्थानीय तहले आफ्नो नगर/गाउँ सभाबाट वार्षिक बजेट नीति तथा कार्यक्रम तर्जुमा गर्ने समय सन्दर्भमा विपद् जोखिम न्यूनीकरण, खोज, उद्धार, राहत तथा पुनर्निर्माण र पुनस्थापना एवं स्थानीय विपद् व्यवस्थापन कोषमा समेत बजेट प्रस्ताव गरी विपद् पूर्वतयारी तथा प्रतिकार्यमा स्थानीय तहको सहकार्य थप प्रभावकारी बनाउनका लागी देशभरका ७५३ वटै स्थानीय तहमा आफ्नो वार्षिक बजेट तथा कार्यक्रम मार्फत आवश्यक व्यवस्था मिलाउन समन्वय गरिदिनुहुन मिति २०८३।०३।०२ (मा.मन्त्रिस्तर) को निर्णयानुसार अनुरोध छ।

२०८३/०३/०३

(विमल पौडेल)
शाखा अधिकृत

**बोधार्थः**
मा.मन्त्रिज्यूको सचिवालय, सिंहदरबार, काठमाण्डौ।
श्रीमान् सचिवज्यूको सचिवालय, सिंहदरबार, काठमाण्डौ।
श्री राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, सिंहदरबार।